# नेपाल एसबिआई बैंक लिमिटेडको

## प्रधान कार्यालय र शाखा कार्यालयको स्थिर सम्पत्तिहरु (आन्तरिक सजावट सहित) बिक्री गर्ने सम्बन्धी २० दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान

यस नेपाल एसबिआई बैंक लिमिटेडको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं २६, लैनचौर, केशरमहल स्थित प्रधान कार्यालय र दरबारमार्ग शाखा अन्यत्र स्थानमा स्थानान्तरण हुन लागेको हुँदा तपसिलमा उल्लेखित पुराना सामान तथा स्थिर सम्पत्तिहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित सामान तथा स्थिर सम्पत्तिहरु खरिद गर्न इच्छुक बैंक तथा वित्तिय संस्था, बिमा कम्पनी, सहकारी संस्था, व्यक्ति, कम्पनी वा फर्महरुले यस बैंकको प्रधान कार्यालयको, सामान्य सेवा विभागमा कार्यालय समय भित्र सम्पर्क राखी उक्त सामान तथा स्थिर सम्पत्तिहरुको विस्तृत विवरण बुझी यो सूचना प्रकाशित भएको मितिले २० दिन भित्र कार्यालय समय भित्र यस बैंकको प्रधान कार्यालयमा गोप्य सिलबन्दी बोलपत्र/प्रस्ताव पेश गर्न हुन आव्हान गरिएको छ । यस बैंक समक्ष तोकिएको मिति भित्र प्राप्त बोलपत्रहरु मिति २०७९ साल ११ महिना ११ गते बैंकको प्रधान कार्यालय, केशरमहल, काठमाण्डौंमा दिनको ठिक १२ बजे खोलिने छ। बोलपत्र पेश गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट सोही स्थान र समयमा खोलिने छ । सो स्थान र समयमा बोलपत्रदाताहरुलाई समेत उपस्थित हुन सूचित गरिन्छ । बोलपत्र फारम यस बैंकको प्रधान कार्यालयको, सामान्य सेवा विभागबाट लिन सकिनेछ ।

**सम्पत्तिको विवरण :**

1. Furniture and fixtures
2. Electrical, network, communication and allied works
3. Office equipment
4. Other fixed assets/equipment

नोट : १) यस बैंकको प्रधान कार्यालय तथा शाखा कार्यालय रहेको क्षेत्रफल (१८,०४० वर्ग फिट) सहित घरधनीको मन्जुरीमा भाडामा लिन इच्छुक बोलपत्रकर्तालाई प्राथमिकता दिईनेछ ।

२) सम्पत्तिको विस्तृत विवरण बोलपत्र फारमसँग प्राप्त गर्न सकिनेछ ।

**शर्तहरु :**

- सम्पत्ति तथा मालसामानहरु कति मुल्यमा खरिद गर्न चाहेको हो सोको व्यहोरा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ ।
- बोलपत्र स्विकृत भएका संस्था वा व्यक्तिले खरिद गरिने सम्पत्ति प्राप्तिको लागि बोलपत्रमा उल्लेखित रकम प्रस्ताव स्विकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र यस बैंकको बैंक खातामा जम्मा गरिसक्नु पर्नेछ ।
- बोलपत्रदाता व्यक्ति भएमा बोलपत्रकासाथ नागरिकता प्रमाणपत्रको प्रतिलिपी र कम्पनी, फर्म, वा संस्था भएमा अद्यावधिक सहितको दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायि लेखा प्रमाणपत्रका प्रतिलिपी, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपी समेत संलग्न गरी बोलपत्र पेश गर्नुपर्नेछ ।
- प्राप्त बोलपत्र/प्रस्तावहरु कारण देखाइ वा नदेखाइ पुर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्विकृत गर्ने वा प्राप्त प्रस्ताव उपर पुनः नेगोसिएसन एवम् वार्ता गर्ने सर्वाधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
- बोलपत्र स्विकृत भएको अवस्थामा लिलाम बिक्रिबाट खरिद गरिएको सम्पत्ति खरिदकर्ताले लिएर जान चाहेको अवस्थामा आफ्नै खर्चमा स्थानान्तरण गर्नुपर्नेछ ।